दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २६८ | बुटवल | २०८३ असोज २८ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday October 14, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

# मेला ठेक्कामा दिने परिपाटीप्रति निजी क्षेत्रको आपत्ति



भैरहवा । सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीले पछिल्लो समय स्थानीय सरकार, वडा तह, विभिन्न क्लब वा आमा समूहका नाममा हुने मेला-महोत्सवले यसको मौलिक अस्तित्व र स्तर खस्याएको भन्दै चिन्ता व्यक्त गरेको छ।

स्थानीय सरकार आइसकेपछि वडास्तर वा क्लबहरूले तीज, दशैं लगायतका बहानामा ठेक्का दिएर मेला-महोत्सव चलाउने परिपाटी बढेको छ । कुनै व्यावसायिक स्टल नहुने, केवल राति डिजे र अश्लील छाडा गीत र नृत्य पस्केर समाजलाई कुनै फाइदा नगर्ने गतिविधिले व्यवसायिक संस्थाले आयोजना गर्ने व्यवस्थित र प्रवर्द्धनात्मक महोत्सवलाई ओझेलमा पारेको भन्दै संघका अध्यक्ष नेत्र आचार्यले आपत्ति जनाए ।

त्यस्ता महोत्सव विकृतिजन्य र ठेक्का प्रणालीमा आधारित मेलाहरूलाई निरुत्साहित गर्न सञ्चारकर्मीहरूसँग पनि उनले आग्रह गरे । मेला-महोत्सव सञ्चालन गर्ने अधिकार निजी क्षेत्र र व्यावसायिक संस्थालाई मात्र दिइनुपर्ने मागसमेत संघले अघि सारेको छ।

केही दिनअघि चेम्बर अफ कमर्सले आयोजना गरेको दुई दिने सडक महोत्सवले भैरहवाको आर्थिक गतिविधिमा ठूलो उत्साह र उर्जा ल्याएको उल्लेख गर्दै अध्यक्ष आचार्यले त्यस्ता व्यावसायिक महोत्सवहरूले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन ठूलो मद्दत पुऱ्याउने बताए।

महोत्सवले पाँचतारे होटलका परिकारदेखि स्थानीय स्वादसम्म उपभोक्ताले सुलभ मूल्यमा पाउन सफल भएको उदाहरण दिँदै उनले वास्तविक प्रवर्द्धनात्मक महोत्सवहरूलाई सबै क्षेत्रबाट सहयोग र प्रचार-प्रसार हुनुपर्नेमा जोड दिए।

संघको आयोजनामा आगामी मंसिर १७ देखि २८ गतेसम्म रुपन्देहीको भैरहवामा 'दसौं लुम्बिनी राष्ट्रिय महोत्सव-२०८३' आयोजना हुने भएको छ । पर्यटन, उद्योग, कृषि तथा व्यापारको प्रवर्द्धन र स्थानीय उत्पादनको बजारीकरण गर्ने उद्देश्यका साथ संघले यस पटकको महोत्सव आयोजना गर्न लागेको हो ।

मंगलबार आयोजित पत्रकार सम्मेलनमा महोत्सव मूल आयोजक समितिका संयोजक एवं सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्रप्रसाद आचार्यले महोत्सवबारे जानकारी गराएका छन् । 'पर्यटन, उद्योग, कृषि र व्यापार : राष्ट्रिय समृद्धिको आधार' भन्ने मुख्य नाराका साथ आयोजना हुने महोत्सवमा उद्योग, व्यापार, कृषि, घरेलु तथा साना उद्योग र महिला उद्यमीका गरी करिब ३०० वटा स्टलहरू रहनेछन् । व्यवसायिक र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सिद्धार्थ उद्योग वाणिज्य संघले २०६१ सालमा रामशंकर कान्दु अध्यक्ष छँदादेखि महोत्सवको सुरुवात गरेको थियो । त्यसयता २०८१ साल सम्ममा नवौं संस्करणको महोत्सव सफलतापूर्वक सम्पन्न भइसकेको छ।

उद्योगी-व्यवसायी र स्थानीय किसानका उत्पादन र पर्यटन क्षेत्रको बजारीकरणका साथै आम नागरिकलाई मनोरञ्जन प्रदान गर्ने हेतुले सुरु गरिएको यो यात्रा अहिले १० औं संस्करणसम्म आइपुगेको हो । महोत्सवमा करिब ३ लाख दर्शकले अवलोकन गर्ने र १० करोड रुपैयाँ बराबरको आर्थिक कारोबार हुने लक्ष्य राखिएको छ । मेलामा स्थानीय उत्पादनदेखि राष्ट्रियस्तरका उद्योगबाट उत्पादित वस्तु तथा सेवाहरूको प्रदर्शनी गरिनेछ। विशेष गरी स्थानीय कृषिजन्य वस्तु, माछा, हस्तकला तथा घरेलु उद्योगका उत्पादनलाई प्राथमिकता दिइने आयोजकले जनाएको छ।

महोत्सवलाई केवल व्यापारिक दृष्टिकोणबाट मात्र नहेरी यस क्षेत्रको पर्यटकीय प्रवर्द्धनसँग समेत जोडिने भएको छ । महोत्सवका क्रममा लुम्बिनी, तिलौराकोट, देवदह र रामग्रामजस्ता ऐतिहासिक तथा पुरातात्त्विक पर्यटकीय क्षेत्रहरूलाई समेटेर विशेष पर्यटन प्याकेज निर्माण गरिने योजना बनाइएको छ। यसका साथै सांस्कृतिक कार्यक्रम, विद्यार्थीका सिर्जनात्मक गतिविधि तथा नयाँ स्टार्टअप उद्यमीहरूलाई प्रोत्साहन गर्ने विभिन्न कार्यक्रमहरू समेत सञ्चालन गरिनेछन् । यस महोत्सवले नेपाल-भारत सीमावर्ती क्षेत्रको व्यापारिक गतिविधि विस्तार गर्न र स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

**स्थायी मण्डपको रटान, भएन समाधान**

भैरहवा क्षेत्रमा स्थायी मण्डप नहुनु यहाँका उद्योगी-व्यवसायी तथा आयोजकहरूले लामो समयदेखि उठाउँदै आएको एउटा प्रमुख समस्या रहेको छ। हरेक वर्ष मेला महोत्सवको समयमा आवाज उठ्ने र मेला सकिएसँगै आवाज पनि बन्द हुने गर्दा यस्को स्थायी मण्डपको समस्या समाधान हुन सकेको छैन। हरेक पटक मेला वा महोत्सव आयोजना गर्दा बाँस, मञ्च कपडाको पण्डाल, अस्थायी शौचालय र घेराबन्दी निर्माण गर्न लाखौ रुपैयाँ खर्च अस्थायी संरचनाको नाममा खर्च गर्नु पर्ने बाध्यता छ।

मेला सकिनेबित्तिकै ती अस्थायी संरचनाहरू भत्काइन्छन्, जसले गर्दा प्रत्येक वर्ष आयोजकको ठूलो रकम खेर जाने गर्छ । स्थायी प्रदर्शनी स्थल नहुँदा अस्थायी खुला मैदान/सडक वा निजी जमिनमा मेला आयोजना गर्नुपर्ने बाध्यता छ।

भैरहवामा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको र नेपाल-भारत सीमावर्ती प्रमुख व्यापारिक नाका भएकाले यहाँ ठूला अन्तर्राष्ट्रिय व्यापार मेला, कृषि प्रदर्शनी र औद्योगिक एक्स्पो सञ्चालन गर्ने प्रशस्त सम्भावना रहेतनपनि स्थायी प्रदर्शनी केन्द्र वा व्यवस्थित मण्डप नहुँदा यस्ता ठूला कार्यक्रमहरू आयोजना गर्न कठिनाइ भइरहेको छ।

सिद्धार्थ उद्योग वाणिज्य संघ लगायतका स्थानीय व्यावसायिक संस्थाहरूले पटक-पटक भैरहवामा आधुनिक सुविधासम्पन्न स्थायी अन्तराष्ट्रिय प्रदर्शनी स्थल (मण्डप) निर्माण गर्न स्थानीय, प्रदेश र संघीय सरकारसँग जोडदार माग गर्दै आए पनि समाधान हुन नसकेपछि ठूला राजनितिक कार्यक्रम गर्न पनि सकस हुने गरेको छ।

यदि स्थायी मण्डप निर्माण हुने हो भने लागत घट्ने आयोजकहरूको ठूलो रकम बचत हुनेछ । वर्षैभरि साना-ठूला व्यापारिक, विशिष्टीकृत, सांस्कृतिक र औद्योगिक प्रदर्शनीहरू आयोजना गर्न सहज हुने र भैरहवा र आसपासको आर्थिक तथा पर्यटन क्षेत्र थप चलायमान बन्ने अपेक्षा निजी क्षेत्रको छ।

## 'सुकुम्वासी समस्या समाधानको कानुनी अड्चन हट्यो'



बुटवल । राष्ट्रपति रामचन्द्र पौडेलले 'वनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३' र 'भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०८३'लाई जारी गरेका छन् ।

अध्यादेश जारीसँगै भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री प्रतिभा रावलले भूमिहीन सुकुम्वासी समस्या समाधानका कानुनी अड्चन हटेको बताएकी छन् ।

उनले भनेकी छन्-'भूमिहीन दलित, भूमिहीन सुकुम्वासी एवं अव्यवस्थित बसोबासीको समस्या समाधानका कानुनी अड्चनहरू अब हटेका छन् । भूमि सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०८३ जारी भएसँगै समाधानको बाटो खुलेको छ।'

साथै, वन, मध्यवर्ती क्षेत्र तथा आरक्ष क्षेत्रसम्बन्धी कानुनका प्रावधानका कारण समाधान हुन नसकेका भूमिहीनका समस्या समाधान गर्न सम्बन्धित ऐनहरूमा समेत छुट्टै अध्यादेशमार्फत आवश्यक व्यवस्था गरिएको उल्लेख गरेकी छन् ।

उनले थपेकी छन्-'अब राजनीतिक तथा प्रशासनिक नेतृत्व, सम्बन्धित कर्मचारी, स्थानीय तह र समाधान समितिले मिसन मोडमा काम गरौं । कानूनी आधार तयार छ, अब सही नियत, इच्छाशक्ति र तीव्र कार्यान्वयन आवश्यक छ। सबैको साथ र सहयोगको अपेक्षा गरेकी छु।'

## बुटवल उद्योग वाणिज्य संघको अध्यक्षमा पौडेल



बुटवल । बुटवल उद्योग वाणिज्य संघ, रूपन्देहीको २६औं अधिवेशनबाट अध्यक्षमा नरिश्वर शर्मा पौडेल निर्वाचित भएका छन् । संघको २६औं अधिवेशनअन्तर्गत नयाँ नेतृत्वका लागि भएको चुनावमा प्रतिस्पर्धी टंकप्रसाद गैरेलाई पछि पार्दै पौडेल विजयी भएका हुन् । पौडेल बुटवल ४ का वडाध्यक्ष समेत हुन् । अध्यक्षमा पराजित पौडेल संघमा हाल वरिष्ठ उपाध्यक्ष थिए । पौडेलले ८३३ मत र गैरेले ६०१ मत पाए।

संघका १८११ मतदातामध्ये १४६६ जनाले मतदान गरेका थिए । वरिष्ठ उपाध्यक्षमा पौडेल प्यानलका सुरज भट्टराई ७२४ मत पाएर निर्वाचित हुँदा गैरे प्यानलका प्रतिस्पर्धी विमलराज भट्टराईले ६९८ मत पाए।

उद्योग उपाध्यक्षमा गैरे प्यानलका दिनेश श्रेष्ठ ७१२ मत पाएर निर्वाचित भए भने प्रतिस्पर्धी पौडेल प्यानलका निर्मित कसजूले ६९३ मत पाए।

वाणिज्य उपाध्यक्षमा गैरे प्यानलकै ७१९ मत सहित मुक्तिप्रसाद अधिकारी निर्वाचित हुंदा प्रतिस्पर्धी पौडेल प्यानलका बाबुराम विश्वकर्माले ७ सय मत पाए । महासचिवमा पौडेल प्यानलका बसन्त ढकालले ७१४ मत पाएर निर्वाचित हुंदा प्रतिस्पर्धी गैरे प्यानलकी जमुना पौडेलले ७०२ मत पाइन् । कोषाध्यक्षमा गैरे प्यानलका टिकाराम बन्जाडे ७३८ मत पाएर निर्वाचित हुंदा प्रतिस्पर्धी प्रतिक पोखरेलले ६७३ मत पाए।

सचिवमा दिपकप्रसाद चापागाईं ७५२ मत पाएर निर्वाचित हुंदा काशिराम शर्मा पौडेलले ६८४ मत पाए।

सह-कोषाध्यक्षमा कमला पोखरेल पराजुली ८६८ मत सहित निर्वाचित भइन् भने प्रतिस्पर्धी जाकिर हुसेनले ५४२ मत पाए।

एशोसिएट सदस्यतर्फ बालकृष्ण पौडेल, उद्योग सदस्यहरुमा गोपाल टण्डन, लेखनाथ भण्डारी, सुनिता शर्मा बन्जाडे र ज्ञानबहादुर पुन निर्वाचित भए । ज्ञानबहादुर र दीपक बास्तोलाले समान ६५६ मत पाएपछि गोलाप्रथाबाट पुन विजयी भएका हुन् ।

बाणिज्य सदस्यहरुमा गणेशप्रसाद भट्टराई,रामबहादुर भण्डारी,सुनिता गिरी र उमेश अमात्य निर्वाचित भएका छन् । खुल्ला सदस्यमा विजयकुमार वर्णवाल, विष्णु घिमिरे पन्थ, विष्णुप्रसाद उपाध्याय, दीपक घिमिरे, गोपालप्रसाद बस्याल,प्रदीप शाक्य, महिला सदस्यमा मन्जु पुरी गिरी र रेनु श्रेष्ठ निर्वाचित भएका निर्वाचन अधिकृत बाबुराम पाण्डेले जानकारी दिए।

MAHARAJA
THE ROYAL
CASINO
BHAIRAHAWA

WE ARE
HIRING!
Be a Part of Something Extraordinary!

WALK-IN INTERVIEW

Interview Date & Time:
31st October 2026 | 09 am - 05 pm
Location:
Siddharthanagar, Bhairahawa

OPEN POSITIONS

Casino Gaming
- Dealer (Fresher) - 70*
- Shift Manager - 10
- Pit Manager - 10
- Inspector - 20

Food & Beverage
- Waiter/Waitress - 50
- Bartender - 10
- Cook - 20

Operation & Guest Services
- Security (Bouncer) - 15
- Housekeeping - 50
- VIP Services - 20
- Front Desk -20
- Driver - 10

Corporate & Support
- Business Development - 10
- Administration - 1
- Surveillance - 10
- Cash Desk - 50
- Finance - 1
- IT - 1

*Requirements For Fresher for Casino Gaming Department
- Minimum Height: 5.2 ft without heels
- Please bring your updated CV along with a **recent photograph** for the walk in interview.

WHY JOIN US?
Attractive Compensation
Career Growth Opportunities
Supportive Work Environment

APPLY NOW!
Send your updated CV to:
hr.bhw@maharajalife.com
For any Queries, Please Contact us at:
+977-9714639600
Local Talent · Local Opportunity · New Career
Your Future Starts Here!

२०८३ असोज २८ गते बुधबार
Wednesday October 14, 2026
दैनिक लुम्बिनी

# सम्पादकीय

## निष्पक्ष छानबिन गर

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद खगेन्द्र सुनारको सार्वजनिक भएको अडियो सभ्य समाजका लागि घिनालाग्दो, मानवताविरोधी र बर्बर छ । टेलिफोनमार्फत् महिलामाथि दुर्व्यवहार गरेको यो अडियोले सुनारप्रतिमात्र नभई राजनैतिक नेतृत्वमाथि केही प्रश्न उब्जेका छन् । ती प्रश्नको निवारण गर्ने काम सरकार, संसद, राष्ट्रिय स्वतन्त्र पार्टी र स्वंय सुनारको हो ।

खगेन्द्र सुनार विवादित पात्र हुन् । बालेन क्रेजमा चुनाव जितेका मात्र नभई यी 'भाइरल' पात्रलाई खडा गर्दा चुनावमा मत तान्न सकिन्छ भन्ने आकलन गरेर राष्ट्रिय स्वतन्त्र पार्टीले उनलाई उम्मेदवार बनाएको हो । दुवैको स्वार्थ मिल्दा सुनार उम्मेदवार भए, चुनाव जिते । चुनाव जितेपछि उनले जुन परिपक्कता र जिम्मेवारी पूरा गर्नुपर्दथ्यो, गरेनन् । तथ्यका आधारमा विषयवस्तु उठाउनुको साटो स्वार्थका आधारमा विवादित विषयवस्तु उठाएर अरुको मानमर्दन गर्ने काम भएका छन् । ती घटनाक्रम चलिरहदा उनको सार्वजनिक भएको अडियो र विषयवस्तुमाथि जुन खालका प्रश्न उठेका छन्, ती प्रश्नको उत्तर दिएर जनप्रतिनिधिलाई जवाफदेही बनाउनुपर्छ । राष्ट्रिय स्वतन्त्र पार्टीले छानबिन अघि बढाएको छ । छानबिन पूरा नहुञ्जेल सार्वजनिक हैसियतमा कुनै पनि कार्यक्रममा सहभागी नहुन पार्टीले निर्देशन दिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले प्रारम्भिक चरणमा गरेको यो निर्णय सकारात्मक छ । अब पालो सरकारको हो । एक जना सांसदले महिला हिंसा, यौन दुर्व्यवहार गरेको अडियो सार्वजनिक भएपछि तत्काल छानबिन गर्नुपर्दछ । संसदले पनि महिला हिंसा जस्तो संवेदनशील विषयमा आरोप लागिसकेपछि छानबिनमा ढिलाई गर्न हुन्न । सत्ताको प्रयोग गरी चोख्याउने ढंगले होइन्, निष्पक्ष छानबिन गर्दा सरकारप्रति भरोसा र विश्वास बढ्छ । गृहमन्त्री सुदन गुरूङले राजिनामा दिएपछि छानबिन गरी जुन ढंगले चोख्याएर पुनः गृहमन्त्री नियुक्त गरियो, त्यसैगरी, चोख्याउने काम हुनुहुँदैन । अहिले राजनीतिले शुद्धिकरण खोजेको छ । सत्ता निकटका पात्रहरु गंभीर अभियोग लाग्दा समेत कानुनी कारबाही नहुने प्रवृतिले आम नागरिकमा निराशा छ । कानुन कसैलाई लागु हुने र कसैलाई लागु नहुने प्रवृत्ति अन्त्य गर्नका लागि समेत यो घटना एउटा महत्वपूर्ण अवसर हो ।

अडियो सत्य हो, होइन् पहिले त्यसको छानबिन हुनुपर्छ । अडियोमा बोलेको अशिष्ट र अश्लिल शब्द एक जना महिलालाई किन बोलियो ? एक जना महिलालाई कुट्ने, पिट्ने भन्दै धम्क्याइएको छ । अडियो सुन्दा महिलाको गोपनियताको हक हनन हुने गरी तस्विर खिचेर पैसा मागेर ब्लयाकमेल गरिएको छ । अडियोमा सुन्दा यो घटना सामान्य होइन् । यस्तो असमान्य घटनाको छानबिनका लागि सरकार कति गम्भीर ढंगले लाग्छ, त्यो हेर्न बाँकी छ । राजनीतिमा मौलाएको अपराधीकरण र अराजकतालाई निमिट्यान्न गर्नका लागि यो एउटा प्रस्थानविन्दु हो, सरकार यो प्रकरणलाई सामान्य होइन्, राजनीतिमा मौलाएको अपराधिकरण र अराजकता अन्त्यको महत्वपूर्ण खुड्किलो भएकाले निष्पक्ष छानबिन अघि बढाऊ ।

# हिजोको सत्ता चरित्र र आजको धरपकड



ईन्द्रप्रसाद भुसाल



नेपालको राजनीतिमा सत्ता परिवर्तन नौलो कुरा रहेन । प्रजातन्त्र पुनःस्थापनादेखि बालेन्द्र शाहको आगमनसम्म आइपुग्दा नेपालले तीन दर्जनभन्दा बढी सरकार देखिसकेको छ । प्रधानमन्त्री, गठबन्धन, दलका समीकरण बारम्बार फेरिए, तर राज्य सञ्चालनको पुरानो शैली, राज्यसत्ता सञ्चालन, नातावाद कृपावाद पहुँच, भागबन्डा र बिचौलियाको प्रभाव भने अपेक्षित रूपमा फेरिन सकेन् । लोकतान्त्रिक गणतान्त्रिक राजनीतिक व्यवस्थाअनुसार ३२ पटकभन्दा बढी सरकार फेरिँदा पनि राज्यको चरित्र किन अपेक्षाकृत परिवर्तन हुन सकेन ? भन्ने आजको गम्भीर प्रश्न हो । बारम्बार दल, सरकार, मन्त्री, प्रधानमन्त्री फेरिएका छन्, तर नागरिकले खोजेको भ्रष्टाचार मुक्त सुशासन प्राप्त हुन नसक्नु नै आम नागरिकको गुनासो अझ पनि उस्तै छ । हिजो राज्यसत्ताको वरिपरि नातावाद, कृपावाद, पहुँच, भनसुन, बिचौलिया र राजनीतिक संरक्षणको जालो फैलिएको गुनासो थियो । सरकारी निर्णयमा योग्यता र प्रक्रियाभन्दा सम्बन्ध, पहुँच र प्रभावले काम गर्छ भन्ने जनधारणा बलियो बन्दै गएको थियो । आज नयाँ राजनीतिक शक्तिले त्यही संरचनामाथि प्रहार गर्ने दाबी गरिरहेको छ । तर भ्रष्टाचार र बिचौलियाविरुद्धको अभियानसँगै राज्यशक्तिको प्रयोग, पक्राउ र धरपकडका घटनाले सुशासन खोज्दा विधिको शासन कमजोर त भइरहेको छैन ? भन्ने नयाँ प्रश्न पनि जन्मिएको छ ।

नेपालमा भ्रष्टाचारको जालो कति गहिरोसँग फैलिएको छ भन्ने कुरा पछिल्ला घटनाक्रमले एकपछि अर्को गर्दै पर्दाफास गरिरहेका छन् । राज्यका संवेदनशील अंग मानिने अदालत, सुरक्षा निकायदेखि पूर्ववरिष्ठ विशिष्ट व्यक्तिहरूसम्म जोडिएका प्रकरणहरू सार्वजनिक भइरहनुले भ्रष्टाचार केवल कुनै व्यक्ति वा कार्यालयभित्रको अनियमितता मात्र नभई सत्ता, पहुँच, संरक्षण र बिचौलियाको अन्तरसम्बन्धसँग गाँसिएको गम्भीर संरचनागत चुनौती हो भन्ने प्रश्न उठाएको छ । नेपालमा भ्रष्टाचारको जालो केवल घुस लिने र दिने व्यक्तिको समस्या मात्र होइन । यो निर्णय प्रक्रियामा पहुँचको असमानता, सार्वजनिक स्रोतको अपारदर्शी प्रयोग, कमजोर नियमन, राजनीतिक संरक्षण र जवाफदेहिताको अभावसँग जोडिएको संरचनागत समस्या हो । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०८०/८१ को विवरणमा संघीय मामिला तथा स्थानीय तहसँग सम्बन्धित उजुरी ३८.९१ प्रतिशत रहेको देखिन्छ । शिक्षा, गैरकानुनी सम्पत्ति आर्जन, भूमि प्रशासन, वन, स्वास्थ्य तथा भौतिक पूर्वाधारजस्ता क्षेत्रका उजुरी उल्लेख्य छन् । यो तथ्याङ्कले भ्रष्टाचारको प्रश्न सिंहदरबारको कुनै एउटा कोठामा सीमित नभई राज्यका विभिन्न तह र सेवा प्रवाहसम्म फैलिएको संकेत गर्छ । महालेखापरीक्षकका प्रतिवेदनहरूले पनि सार्वजनिक खर्च व्यवस्थापनमा लामो समयदेखि देखिँदै आएको बेरुजु, प्रक्रियागत कमजोरी र वित्तीय अनुशासनका प्रश्नलाई निरन्तर उठाउँदै आएका छन् ।

आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षणसम्बन्धी ६३औं वार्षिक प्रतिवेदनमा करिब ९४ खर्ब ८४ अर्ब ५० करोड रुपैयाँ बराबरको कारोबारको लेखापरीक्षण गर्दा ८८ अर्ब ९ करोड ११ लाख रुपैयाँ बेरुजु कायम भएको तथ्य सार्वजनिक भएको छ । बेरुजु आफैं भ्रष्टाचारको प्रमाण होइन तर सार्वजनिक धन खर्च गर्ने प्रणालीमा सुधार, पारदर्शिता र जवाफदेहिताको आवश्यकता भने यसले स्पष्ट देखाउँछ । राज्यलाई सार्वजनिक संस्था भन्दा पहुँचवालाको स्रोतका रूपमा हेर्ने प्रवृत्ति, राजनीति नियुक्ति, स रुवा, ठेक्का, अनुमति, कर, जग्गा, सार्वजनिक खरिद वा कुनै सेवा लिनसमेत सामान्य नागरिकले योग्यता हुँदाहुँदै पनि पहुँच नभएका कारणले पछि पर्ने र पहुँच भएका व्यक्तिले सजिलै पाउने संस्कृतिले राज्यप्रतिको विश्वास कमजोर बनाउँछ । गणातान्त्रिक शासन प्रणालिमा पनि नियमभन्दा नाताबाद कृपावाद भनसुन शक्तिशाली हुँदै जाँदा बिचौलियाको हालिमुहालि हुनु भनेको राज्यको प्रक्रिया कमजोर पार्नु पुरानो सत्ता संस्कृतिको एउटा गम्भीर समस्या थियो । भ्रष्टाचार नियन्त्रणको वास्तविक समाधान केही ठूला व्यक्तिलाई पक्राउ गर्नुले मात्र हुँदैन । राज्यको शासन प्रणालि भित्र कुनै पनि काम गर्दा नागरिकलाई काम गराउन दलाल, नेता, कर्मचारी वा पहुँचवालाको आवश्यकता नपर्ने अबस्थाको श्रीजना गर्नु पर्छ । सरकारि सेवाका लागि कार्यालय धाउनुपर्ने, फाइल बोकेर कर्मचारीको टेबुल चहार्नुपर्ने र चिनजान खोज्नुपर्ने अवस्था घटाउँदै लगेर नागरिकले आफ्नै मोबाइल वा कम्प्युटरबाट सेवा लिन सक्ने डिजिटल शासन प्रणालि बनाउनु सुशासनको महत्वपूर्ण आधार हो । वर्तमान सरकारले पछिल्लो छ महिनामा डिजिटल सेवा र प्रशासनिक सुधारलाई प्राथमिकता दिएको देखिन्छ । सरकारले सार्वजनिक गरेको छ महिने प्रगति विवरणअनुसार मन्त्रालयको संख्या २२ बाट १८ मा झारिएको छ, दोहोरो वा अनुत्पादक कार्यक्षेत्र भएका बोर्ड, समिति तथा आयोजनाको पुनर्संरचना अघि बढाइएको छ, 'शून्य बाँकी फाइल सप्ताह' सञ्चालन गरिएको छ र सचिवहरूसँग कार्यसम्पादन सम्झौता गरिएको छ । नागरिकता, राहदानी र राष्ट्रिय परिचयपत्रका विवरणलाई अन्तरआबद्ध गर्ने, श्रम स्वीकृति स्वचालित बनाउने, डिजिटल नागरिक बडापत्र तथा विभिन्न २४ घण्टे सेवा प्रणाली सञ्चालन गर्ने कामलाई पनि सरकारका उपलब्धिका रूपमा लिन सकिन्छ । तर प्रशासनिक संरचना सानो बनाउने, अनावश्यक संस्था हटाउने र सेवा प्रवाहलाई डिजिटल बनाउने प्रयासलाई पुरानो ढर्राभन्दा फरक प्रशासनिक दिशाका रूपमा परीक्षण गर्न सकिन्छ । यस वर्षको बजेटले पनि कार्यालय सञ्चालन खर्च घटाउने, अनावश्यक संरचना हटाउने र सार्वजनिक निकायको पुनर्संरचना गर्ने नीति लिएको छ । नेपालको अर्को ठूलो समस्या खर्च गर्न नसक्ने तर बजेट बढाइरहने प्रवृत्ति हो । आर्थिक वर्ष २०८३/८४ का लागि कुल २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँको बजेट विनियोजन गरिएको छ । त्यसमध्ये ५९.८ प्रतिशत चालु खर्च, २०.३ प्रतिशत पुँजीगत खर्च र १९.९ प्रतिशत वित्तीय व्यवस्थापनतर्फ छ । बजेटको ठूलो हिस्सा प्रशासन, तलब, सामाजिक सुरक्षा तथा ऋण व्यवस्थापनजस्ता क्षेत्रमा जाने भएकाले विकासका लागि उपलब्ध वास्तविक स्रोत सीमित हुन्छ । राज्यको चालु खर्चको संरचना, आयोजना छनोट, खरिद प्रणाली र पुँजीगत खर्चको कार्यक्षमता सुधार्नु पनि उत्तिकै आवश्यक छ । यो वर्ष भोटेकोसीलगायताका ठाउँमा आएको अकल्पनिय प्रकृतिक महाप्रलयको कारणले पनि विकास खर्चमा ठुलो धक्का लाग्ने देखिन्छ ।

अहिलेको सरकारको बिचौलिया नियन्त्रण अभियान पनि सराहनीय छ । सरकारको छ महिने विवरणअनुसार ५४० जना बिचौलियालाई नियन्त्रणमा लिइएको र १७० जनामाथि मुद्दा दर्ता गरिएको छ । तर पक्राउ गर्नु मात्र समस्याको समाधान होइन किनकि आमनागरिकले परिणाम खोजिरहेका छन् । पक्राउ परेका व्यक्तिहरू को हुन् ? उनीहरूले कुन सरकारी सेवा वा प्रक्रियामा हस्तक्षेप गरेका थिए ? उनीहरूमाथि कुन कानुनअन्तर्गत मुद्दा चल्यो ? अदालतको अन्तिम फैसला के भयो ? यस्ता विवरण सार्वजनिक भए मात्र अभियान संस्थागत सुधारको प्रमाण बन्छ । वर्तमान सरकारले केहि विशिष्ट व्यक्तिहरूलाई पक्रने र सम्पति शुद्धिकरणको कार्यालयबाट भ्रष्टाचार, संगठित अपराध, गैरकानुनी लाभ वा सार्वजनिक सम्पत्तिको दुरूपयोगविरुद्ध छापा मार्नु, अनुसन्धान गर्नु जस्ता काम गरेको छ । यो राज्यको नियमित प्रक्रिया र वैधानिक जिम्मेवारी पनि हो । अदालतबाट दोष प्रमाणित नभएसम्म व्यक्तिको कानुनी हैसियतलाई सम्मान गर्नुपर्छ । पक्राउ गर्दा स्पष्ट कानुनी आधार, प्रक्रिया, आरोप र न्यायिक निगरानी सुनिश्चित हुनु लोकतान्त्रिक शासनको न्यूनतम शर्त हो । पछिल्लो समय राजनीतिक विश्लेषक भरत दाहालको पक्राउ र त्यसपछि सर्वोच्च अदालतले उनलाई थुनामुक्त गर्न दिएको आदेशले यही प्रश्नलाई सार्वजनिक बहसमा ल्याएको छ । दाहाललाई विद्युतीय अपराधसम्बन्धी आरोपमा पक्राउ गरिएको प्रहरीले जनाएको थियो । तर सर्वोच्च अदालतले बयान सम्पन्न भइसकेको र उनलाई थुनामै राख्नुपर्ने अवस्था नदेखिएको भन्दै तारिखमा राखेर अनुसन्धान अघि बढाउन आदेश दिएको थियो । सरकारले अपराधको अनुसन्धान गर्न सक्छ, तर अन्तिम निर्णयको अधिकार अदालतको हो । पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई राति घरबाट नियन्त्रणमा लिइएको अर्को घटनाले पनि राज्यशक्तिको प्रयोगबारे प्रश्न उठायो । प्रहरीले त्यसलाई सुरक्षा जोखिमसँग जोडेको थियो, तर पक्राउको स्पष्ट कानुनी आधार र अधिकारको सार्वजनिक व्याख्याबारे प्रश्न उठे । सर्वोच्च अदालतको पूर्ण बैठकले पनि घटनाप्रति चासो देखाएको समाचार सार्वजनिक भयो । यस्तो अवस्थामा सरकारले आलोचनालाई शत्रुता र अनुसन्धानलाई प्रतिशोधको रूपमा बुझिने अवस्था आउन नदिन अझ बढी पारदर्शी हुनुपर्छ । बिगतका सरकारहरूबाट राज्यशक्तिको दुरूपयोग भएको थियो, पहुँचवालाले कानुनभन्दा माथि स्थान पाएका थिए भनेर आजका सरकारलाई पनि कानुनभन्दा माथि जाने अधिकार प्राप्त हुँदैन । नयाँ सरकारले आफूलाई पुरानो अभ्यासभन्दा फरक प्रमाणित गर्नुपर्ने दायित्व छ । जनताले शासन सत्ता परिवर्तनको अर्थ शासनको संस्कार परिवर्तनको अपेक्षा गरेका छन् ।

लोकतन्त्रमा सरकारको आलोचना गर्ने अधिकार सरकारलाई निश्पक्ष र बलियो बनाउने संवैधानिक माध्यम हो । पत्रकार, नागरिक समाज, राजनीतिक कार्यकर्ता वा सामाजिक अभियन्ताले उठाएका प्रश्नको उत्तर दिनु लोकतान्त्रिक सरकारको दायित्व हो तर असहज प्रश्नलाई अपराध र आलोचनालाई राज्यविरोधी गतिविधि मान्ने प्रवृत्ति लोकतान्त्रिक शासनका लागि जोखिमपूर्ण हुन सक्छ । सरकारको आलोचनाको नाममा झुटा सूचना, चरित्रहत्या, हिंसात्मक उक्साहट वा आपराधिक गतिविधि गरिन्छ भने त्यसको अध्ययन अनुसन्धान र कानुनी कार्बाहि हुनुपर्छ ।

वर्तमान सरकारको छ महिनाको मूल्याङ्कन गर्दा मन्त्रालय संख्या घटाउनु, केही अनुत्पादक निकाय पुनर्संरचना गर्नु, डिजिटल सेवा विस्तार गर्नु, सरकारी फाइलको बाँकी काम घटाउने अभियान चलाउनु, बिचौलिया नियन्त्रणमा कारबाही गर्नु र सार्वजनिक सेवामा अन्तरआबद्धता बढाउनु सकारात्मक प्रशासनिक संकेत हुन् । तर सरकारले सार्वजनिक गरेको १०० बुँदे कार्ययोजनामध्ये पहिलो १०० दिनमा ५०% पनि कार्यान्वयन नभएको तथ्यले सरकारका घोषणा र कार्यान्वयनबीच दूरी रहेको देखाउँछ । डिजिटल प्रणालीका केही महत्वपूर्ण कानुन र संस्थागत पूर्वाधार पूरा नभएको रिपोर्टले पनि देखाएको छ । डिजिटल शासन सुरु गर्दै गर्दा डाटा सुरक्षा, गोपनीयता, साइबर सुरक्षा र प्रणालीको विश्वसनीयता पनि सुनिश्चित गर्नुपर्छ । सरकारि खर्च कटौती बाट बचत भएको रकम उत्पादन, रोजगारी, शिक्षा, स्वास्थ्य र पूर्वाधारमा परिणाम देखिने गरी लगानी गर्नुपर्छ । बिचौलियाहरू पक्राउ गर्दै गर्दा बिचौलियाको आवश्यकता नै नपर्ने सार्वजनिक सेवा प्रणाली बनाउन जरुरी छ । भ्रष्टाचारको मुद्दा चलाउँदै गर्दा खरिद प्रणाली, नियुक्ति, सरुवा, नियमन र निर्णय प्रक्रियामा स्वार्थको द्वन्द्व रोक्ने स्थायी व्यवस्था निर्माण गर्नु वर्तमान सरकारको दायित्व हो । सुशासन व्यक्तिको इच्छाशक्तिमा निर्भर नभै राज्यको शासन प्रणालिमा व्यवस्थित हुनु पर्छ । संस्थागत सुधार भनेको कुनै पनि प्रधानमन्त्री, मन्त्री, सचिव, प्रहरी अधिकारी वा कुनै शक्तिशाली व्यक्तिको व्यक्तिगत इच्छा नचल्ने, नियम कानुन र प्रणाली अनुसार चल्ने शासन व्यवस्था हो । जब देश शासन प्रणाली संविधानअनुसार चल्छ र राज्य भित्रका हरेक नागरिकले कानुनी राज्यको अनुभूति गर्छन्, तब राज्य, शासक र राज्यका संस्थाहरू बलिया बन्दछन् । सत्ता र पहुँचको मिलेमतोले राज्य कमजोर हुन्छ भन्ने एउटा महत्वपूर्ण पाठ बिगतका सत्ता चरित्रले सिकाएको छ । सार्वजनिक स्रोतको दुरूपयोग नै भ्रस्टाचार को उदगम बिन्दु हो भन्ने कुरा शासन सत्ता हाक्ने ले बुझ्नु पर्छ । भ्रष्टाचारविरुद्धको कठोरता र नागरिक अधिकारको सम्मानमा समानान्तर रूपमा हिँड्दा मात्र लोकतान्त्रिक सुशासन बलियो हुन्छ । लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्थाको आधार नै कानुनी सर्वोच्चता हो । राज्यसत्तामा पुग्ने व्यक्ति, पद वा शक्ति संविधान र कानुनभन्दा माथि हुन सक्दैन । सुशासनको वास्तविक मापदण्ड पनि कानुन सबैका लागि समान होस् र राज्यसत्ता कानुनकै सीमाभित्र चलोस् भन्ने हो ।

# अधिकार र कानुन नदिएको भन्दै संघीय सरकारविरुद्ध मुख्यमन्त्रीहरु एकमत

बुटवल । संविधान जारी भएको एक दशक पुग्दा पनि संघीय सरकारले प्रदेशलाई आवश्यक कानुन, अधिकार र वित्तीय स्रोत हस्तान्तरण नगरेको भन्दै छ प्रदेशका मुख्यमन्त्रीले संघीय सरकारप्रति असन्तुष्टि जनाएका छन् । संविधान जारी भएपछि संघीय सरकारको नेतृत्व पटक-पटक फेरिए पनि प्रदेशलाई अधिकार दिने सवालमा अवस्था नफेरिएको उनीहरूको निष्कर्ष छ ।

विराटनगरमा मंगलबारदेखि सुरु भएको अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलनमा कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका मुख्यमन्त्रीहरूले संघीयता कार्यान्वयनमा केन्द्र सरकार नै बाधक बनेको धारणा राखेका छन् । अधिकार प्रत्यायोजनमा संघीय सरकारले कन्जुस्याइँ गर्दा प्रदेश सरकारहरूले प्रभावकारी रूपमा काम गर्न नसकेको उनीहरूको निष्कर्ष छ ।

प्रहरी समायोजन, संघीय निजामती सेवा ऐन, शिक्षा ऐन र वन ऐनजस्ता अत्यावश्यक कानुन निर्माणमा भएको ढिलाइले प्रदेश सरकारको कार्यसम्पादन प्रभावित भएको सम्मेलनमा उठाइएको छ । प्रदेशलाई आवश्यक अधिकार र स्रोत नदिने तर अपेक्षित नतिजा नदेखिएको भन्दै आलोचना गर्ने प्रवृत्तिले संघीयताको प्रभावकारी कार्यान्वयनमा चुनौती थपेको मुख्यमन्त्रीहरूको धारणा छ ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेश, संघ र स्थानीय तहका अधिकार कानुनमै स्पष्ट रूपमा परिभाषित गर्नुपर्ने आवश्यकता औँल्याएका छन् । अधिकार क्षेत्र अस्पष्ट हुँदा प्रदेशको भूमिका र जिम्मेवारीबारे अन्योल बढेको उनको निष्कर्ष छ। अधिकार संकुचनका कारण प्रदेश संरचनामाथि नै प्रश्न उठ्ने अवस्था बनेको उनले उल्लेख गरेका छन् ।

सम्मेलन संघीय सरकारविरुद्ध विरोध गर्ने मञ्च नभई संघीयतालाई सुदृढ बनाउने साझा पहल भएको कार्कीको भनाइ छ । जलवायु परिवर्तन र मौसमजन्य विपद् प्रदेशहरूका साझा चुनौती बनेकाले नीतिगत तथा कानुनी अवरोध हटाउँदै साझा लगानी र आपसी सहकार्यबाट उपलब्धि हासिल गर्नुपर्नेमा उनले जोड दिएका छन् । संघीयता स्थापनामा भूमिका खेलेका राजनीतिक दलहरूकै नेतृत्वमा अधिकार हस्तान्तरणमा ढिलाइ भइरहेको विषय पनि उनले उठाएका छन् ।

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेश सरकारलाई सक्षम नबनाएसम्म अन्तरप्रदेश सहकार्य प्रभावकारी हुन नसक्ने धारणा राखेका छन्। संविधानले दिएको अधिकार प्रयोग गर्न नपाउँदा प्रदेशले आफ्नो जिम्मेवारीअनुसार काम गर्न नसकेको उनको भनाइ छ ।

प्रहरी समायोजन नहुँदा खुला सीमा रहेको मधेश प्रदेशमा तस्करी र अपराध नियन्त्रणमा कठिनाइ भइरहेको विषयलाई यादवले प्रमुख समस्याका रूपमा प्रस्तुत गरेका छन् । संघीय सरकारले नयाँ कार्यालय स्थापना गर्नुभन्दा विद्यमान कार्यालय र संरचना प्रदेशलाई हस्तान्तरण गर्नुपर्ने आवश्यकता उनले औँल्याएका छन् ।

यादवले सम्मेलनमा दुईवटा मस्यौदा दस्तावेज प्रस्तुत गर्दै 'एक यात्रा, अनेक प्रदेश'को अवधारणा अघि सारेका छन् । धार्मिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रलाई जोडेर अन्तरप्रदेश पर्यटन प्रवर्द्धन गर्ने प्रस्ताव पनि उनले गरेका छन् । जनकपुरधाम, विवाहपञ्चमी र मिथिला कलालाई कोशी प्रदेशको बराहक्षेत्र-रामधुनी तथा लुम्बिनीसँग जोडेर धार्मिक पर्यटन सर्किट विकास गर्न सकिने उनको प्रस्ताव छ ।

बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगरले संघीयताको उद्देश्य केन्द्रको अधिकार प्रदेशमा सार्नुमा मात्र सीमित नरहेको धारणा राखेका छन् । संघीयताको मर्मअनुसार सबै नागरिकको समान पहुँच सुनिश्चित गर्नुपर्नेमा उनले जोड दिएका छन् । संविधानले परिकल्पना गरेको संघीयता र यसको व्यावहारिक कार्यान्वयनबीच अझै दूरी रहेको तथा अधिकार क्षेत्रको अस्पष्टता र जिम्मेवारीमा दोहोरोपन देखिएको उनले उल्लेख गरेका छन् ।

जलवायु संकटका कारण बाढीपहिरोजस्ता विपद्ले देशभर क्षति पुऱ्याइरहेको अवस्थामा सातै प्रदेशको सहभागितामा अन्तरप्रदेशीय विपद् व्यवस्थापन तथा राहत कोष स्थापना गर्नुपर्ने प्रस्ताव पनि थापामगरले अघि सारेका छन् । यस्तो कोषले विपद्का बेला प्रदेशहरूबिच स्रोत परिचालन र राहत व्यवस्थापनमा सहकार्य बढाउने अपेक्षा गरिएको छ ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले संघीय संरचनामा अझै केन्द्रीकृत मानसिकता कायम रहेको विषय उठाएका छन् । प्रदेशलाई अधिकार नदिइएको अवस्थामा कामको परिणाम कमजोर भएको भन्दै आलोचना हुनु उचित नभएको उनको धारणा छ ।

प्रहरी, शिक्षा र वनसम्बन्धी कानुन निर्माणमा भएको ढिलाइले प्रदेश सरकारको काम प्रभावित भएको पाण्डेले उल्लेख गरेका छन् । प्रहरीसम्बन्धी पुरानो ऐन, शिक्षा ऐन र वन ऐनका आधारमा प्रदेशको अधिकार सीमित भइरहँदा संविधानअनुकूल कानुन निर्माण गर्नुपर्ने आवश्यकता उनले औँल्याएका छन् । संघीय सरकारले आवश्यक कानुन नबनाए प्रदेशले आफ्नै कानुन निर्माणको बाटो अघि बढाउन सक्ने विषय पनि उनले उठाएका छन् ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रशासनिक र वित्तीय अधिकार हस्तान्तरणमा संघीय सरकारबाट पर्याप्त सहयोग नभएको विषय सम्मेलनमा प्रस्तुत गरेका छन् । संघीय संसद्मा निजामती सेवा ऐन अड्किँदा कर्मचारीतन्त्रमा अन्योल सिर्जना भएको र कर्मचारीको मनोबलमा असर परेको उनको भनाइ छ । संविधानले प्रत्याभूत गरेका वित्तीय अधिकारसमेत प्रभावकारी रूपमा प्रयोग गर्न नपाउँदा प्रदेश सरकार सञ्चालनमा कानुनी तथा आर्थिक चुनौती बढेको उनले उल्लेख गरेका छन् ।

कर्णाली प्रदेशका मुख्यमन्त्री मंगलबहादुर शाहीले संघीयता कार्यान्वयनको एक दशकमा विकास र सेवा प्रवाहका क्षेत्रमा उपलब्धि भए पनि नागरिकका अपेक्षा पूर्णरूपमा सम्बोधन हुन नसक्दा संघीयतामाथि प्रश्न उठिरहेको बताएका छन् । भौगोलिक विकटता र स्रोतको सीमितताका बाबजुद नागरिकका अपेक्षा पूरा गर्न प्रदेशहरूले एकअर्काका अनुभवबाट सिक्ने र आपसी सहकार्य बढाउने आवश्यकता उनले औँल्याएका छन् ।

सम्मेलनमा सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्ट सहभागी छैनन् । प्रदेशको बजेट विवादका कारण उनी सम्मेलनमा नआएको जनाइएको छ । सुदूरपश्चिमबाट भने प्रदेशका प्रमुख सचिव सहभागी छन् ।

बुधबारसम्म चल्ने सम्मेलनले प्रदेश सरकारहरूले भोगिरहेका साझा समस्या, वित्तीय संघीयता, कानुनी अड्चन र अन्तरप्रदेश साझेदारीका विषय समेटेर 'विराटनगर घोषणापत्र' जारी गर्ने तयारी छ । सम्मेलनमा प्रदेशका मुख्यमन्त्री, प्रमुख सचिव, प्रदेश योजना आयोगका प्रमुख र प्रमुख न्यायाधिवक्ताहरू सहभागी छन् ।

सातै प्रदेश सरकारको सहभागिता रहेको सम्मेलनमा भने संघीय सरकारका प्रतिनिधि सहभागी छैनन् । संघीय सरकारको अनुपस्थितिमा प्रदेशका मुख्यमन्त्रीहरूले अधिकार हस्तान्तरण, कानुन निर्माण र वित्तीय स्रोतको बाँडफाँटसम्बन्धी साझा मुद्दालाई प्राथमिकताका साथ उठाएका छन् ।

# अटो इन्जिनियरिङ पेसाको सम्मान बढाउनुपर्नेमा जोड

